नेपाल सरकार
# कृषि विकास मन्त्रालय
योजना महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५

सिंहदरबार
काठमाण्डौं, नेपाल

प.सं : यो.ब.का. ७३/७४
च.नं. : १९०

मितिः २०७३/०६/१६

विषयः मत्स्य विकास निर्देशनालय अन्तर्गतका कार्यविधिहरु सम्वन्धमा ।

श्री कृषि विभाग, हरिहरभवन ।

प्रस्तुत विषयमा तहाँ विभाग मार्फ पेश भएको मत्स्य विकास निर्देशनालय अन्तर्गतका देहाय बमोजिमका कार्यविधिहरु सम्बन्धमा नेपाल सरकार (सचिवस्तर) मिति २०७३/०६/१३ को निर्णय अनुसार तपसिल बमोजिम स्वीकृत तथा संसोधन भएको हुँदा आवश्यक कार्यवाहीकोलागि तहाँ पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ ।

१. मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७२ (पहिलो संसोधन) २०७३
२. सहभागितात्मक ट्राउट विकास कार्याक्रम कार्यान्वयन कार्यविधि (पहिलो संसोधन) २०७३
३. वृहत्तर रेन्वो ट्राउट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३
४. एक हेक्टर जलाशय नर्सरी पोखरी निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३
५. कार्प ह्याचरी निर्माण एवं व्यस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३

तपसिल

क) साना तिना टुक्रे कार्यक्रमै पिच्छे कार्यविधि बनाउनुको सट्टा एक निकाय (केन्द्रीय/आयोजना/विभाग/निर्देशनालय/केन्द्र) एक कार्यविधि/निर्देशिका तयार गरी आवश्यक बमोजिम सोही कार्यविधि/निर्देशिकामा संसोधन थप पेश गर्ने व्यवस्था मिलाउने

ख) मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधिमा "देशका सम्भावित सबै क्षेत्रमा संचालन हुने" भनि उल्लेख भएकोमा तराईका २० जिल्लाबाट कार्यक्रम अनावश्यक रुपमा विस्तार हुने देखिएकोले सम्भावित क्षेत्रको व्याख्या गरी वास्तविक माछा उत्पादन हुने स्थान/क्षेत्र/जिल्ला तोक्नु पर्ने

ग) अनुदान वितरण गर्ने सम्बन्धमा रु. १ लाख सम्मको अनुदानमा पहिलो किस्तामा ४० प्रतिशत र दोश्रो किस्ता कार्यसम्पन्न भैसकेपश्चात ६० प्रतिशत, १ लाख भन्दा बढिको अनुदान वितरणमा ३ किस्तामा (३०-५०-२० प्रतिशत) किसानको खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने

घ) यस प्रकार किस्तावन्दी अनुदान दिने व्यवस्था सम्वन्धमा अन्य सबै प्रकारका अनुदान वितरण गर्ने निकायहरुमा समेत आवश्यक निर्देशन हुन ।

सन्तोष अधिकारी
कृषि अर्थविज्ञ

नेपाल सरकार

कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३

नेपाल सरकार (सचिवस्तर) मिति २०७३/  / को निर्णय अनुसार स्वीकृत

२०७३ भाद्र

# कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम कार्यान्यिन कार्यविधि, २०७३

**पृष्ठभूमी**

नेपालमा मत्स्यपालन व्यवसाय क्रमश व्यवसायिकरण एवं सघनीकरण हुदै गएको पाईएको छ। मत्स्य व्यवसाय जिविकोपार्जनको लागि मात्र नभई कृषि उद्यमको रुपमा समेत विकसित हुँदै गएकोछ। माछापालनमा महत्वपुर्ण भूमिका खेल्ने गुणस्तरिय मत्स्य विजको प्रयाप्त उपलव्धताले यस व्यवसायको सफलताको आधार मान्न सकिन्छ। विगत केही वर्ष देखि कार्प माछा पालनको लागि पोखरी निर्माणको कार्य तिव्रगतिमा विस्तार भएकोले सोको लागि आवश्यक पर्ने विजको प्रयाप्त उत्पादन एवं सुलभ आपुर्ति व्यवस्था हुन जरूरी छ। माछाभुरा उत्पादन कार्यक्रममा निजीक्षेत्रले प्रयाप्त योगदान गरेता पनि अझै क्षेत्रिय सन्तुलन कायम हुन सकेको छैन। कार्पजातका शुद्ध नश्लका मत्स्य विज विशेष गरेर ह्याच्लीङ उत्पादन गरी वितरण गर्न जरुरी देखिएको छ। यस कार्यमा निजि क्षेत्रलाई नै प्रोत्साहान र वढवा दिन अतिआवश्यक छ। मत्स्य ह्याचरीहरू कमि भएका क्षेत्रहरूमा भारतबाट मत्स्य विज ल्याई हुर्काउने प्रवृत्ति बढ्दो देखिन्छ। यसै प्रवित्तिलाई रोक्न र मांगको क्षेत्रिय सन्तुलन कायम गरी मत्स्य विजमा देशलाई आत्मनिर्भर गराई मत्स्य उत्पादनमा बृद्धि ल्याउन कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन अनुदान कार्यक्रम संचालन गरिनेछ।

## परिच्छेद१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम कार्यान्यिन कार्यविधि, २०७३" हुनेछ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ।

### २. परिभाषाः

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यक्रम" भन्नाले कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम बुझ्नु पर्दछ।

(ख) "कार्यालय" भन्नाले जिल्ला कृषि विकास कार्यालय बुझ्नु पर्दछ।

(ग) "निर्देशनालय" भन्नाले मत्स्य विकास निर्देशनालय बुझ्नु पर्दछ।

(घ) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले मत्स्य उत्पादन विशेष कार्यक्रम अन्तर्गत गठित कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई बुझाउँदछ।

(ग) "मत्स्य ह्याचरी" भन्नाले अण्डाबाट बच्चा कोरल्ने सुविधा सहितको मत्स्यबिज उत्पादन गर्ने थलो जनाउँदछ।

### ३. कार्यक्रम संचालनको लक्ष्य एवं उद्देश्यः

लक्ष्यः

- अवश्यकता अनुसारको कार्प जातका मत्स्य विज आपुर्ती गरी माछाको उत्पादन तथा उत्पादकत्व बढाउने।

उदेश्यः

- मांगको क्षेत्रिय सन्तुलन कायम गरी मत्स्य विजमा देशलाई आत्मनिर्भर बनाउने।

## परिच्छेद २
## कार्यक्रम संचालन प्रक्रिया

४. प्रस्तुत कार्यक्रम संचालन सम्बन्धमा देहाय बमोजिमका प्रकृया रहनेछन।

(क) यस कार्यक्रम अन्तरगत कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापनमा सहयोग गरी कार्प जातका मत्स्य विज आपुर्तीमा राज्यको जुनसुकै सम्भाब्य जिल्ला/क्षेत्रमा क्षेत्रिय सन्तुलनका अधारमा सन्चालन गरिनेछ।

(ख) यस कार्यक्रम कार्यबन्यन मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वियनका लागि गठित कार्यक्रम समन्वय तथा अनुगमन समितिले गर्नेछ र आबश्यक परेमा सहजीकरण एवं समन्वयको व्यवस्था गर्न उपसमिति गठन गर्न सक्नेछ।

(ग) यो कार्यक्रमलाई सन्चालन गर्न मत्स्य विकास निर्देशनालयले तोकेका मत्स्य विकास केन्द्र र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको समन्वय तथा प्राविधिक सहयोगिको भुमिका रहनेछ।

(घ) यो कार्यक्रम सन्चालनार्थ कार्प जातका मत्स्य बिज (ह्याच्लीङ) उत्पादन तथा वितरणका लागि आवश्यक पुर्वाधार (इन्कुवेसन, ओभरहेड, स्पनिङ ट्यांकहरू, पानी ब्यबस्थापन आदि) विकास तथा ब्यबस्थापनका लागि रकम अनुदान प्रदान गरिनेछ र कम्तीमा ५० प्रतिशत खर्च अनुदान प्राप्त गर्ने कर्ताले गर्नु पर्नेछ।

(ङ) यो कार्यक्रम संचालनको लागि मत्स्य विकास निर्देशनालयबाट राष्ट्रिय दैनिक पत्रिकामा सूचना आह्वान हुनेछ।

(च) यो कार्यक्रम संचालन गर्नको लागि छनौट भएका जिल्लाका कृषकहरुले सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको समय भित्र सूचनामा उल्लेख भए बमोजिम अनुसूची १ को ढाँचा र अनुसूची २ बमोजिमको प्रस्तावना अनुरूप आबश्यक कागजात सहित निबेदन पेश गर्नु पर्नेछ।

(छ) सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले प्रस्तावना अनुरुप रितपुर्वकका प्राप्त निवेदनहरू मत्स्य विकास निर्देशनालयमा पठाउनु पर्नेछ।

(ज) मत्स्य विकास निर्देशनालयले तोकिएको मत्स्य विकास केन्द्र र सम्बद्ध जिल्ला कृषि विकास कार्यालयको समन्वयमा स्थलगत अध्ययन गरी संभाव्य देखिएका निवेदनहरुको सूची तयार गरी माथी तोकिएको कार्यक्रम कार्यान्वयन समिति समक्ष पेश गर्नु पर्नेछ।

(झ) मत्स्य विज आवश्यकता र क्षेत्रिय सन्तुलन कायमको आधारमा कार्यक्रम कार्यान्वयन समितिले मूल्यांकन विधी तय गरी मूल्यांकन तथा छनोट गर्नेछ।

(ञ) मत्स्य विकास निर्देशनालयले तोकिएको मत्स्य विकास केन्द्र र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको रोहवरमा आयोजना स्थलमा नै अनुसूची ४ अनुरूप सम्झौता तथा कार्यदिश दिनेछ।

(ट) यो कार्यक्रममा सहभागी हुनेले अनुसूची ३ बमोजम घटीमा ५ बर्षसम्म ब्यबसाय सन्चालन गर्ने र घटीमा बार्षिक १ करोड ह्याच्लीङ उत्पादन तथा वितरण गर्नु पर्नेछ।

## परिच्छेद ३

## अनुगगन व्यवस्था

**५. अनुगमन तथम मूल्यांकन ब्यबस्थाः** यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछ।

कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्वन्धित जिल्ला कृषि विकास कार्यालय तथा मत्स्य विकास केन्द्र, राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम, क्षेत्रिय कृषि निर्देशनालय, मत्स्य विकास निर्देशनालय/माथी तोकिएको कार्यक्रम कार्यान्वयन समिति, कृषि विभाग र कृषि बिकास मन्त्रालयवाट हुनेछ।

## परिच्छेद ४

## विविध

६. **प्रचलित कानुन लागु हुनेः** प्रचलित कानुनमा व्यवस्था भएका बिषयहरुका सम्वन्धमा सोहि बमोजिम र अन्य व्यवस्थाका सम्वन्धमा यसै कार्यविधि बमोजिम हुनेछ।

७. **अन्तिम व्याख्याः** यस कार्यविधिको वुझाईमा द्धिविधा भएमा कृषि विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

८. **अनुसुचीमा हेरफेर गर्न सक्नेः** यस कार्यविधिमा संलग्न अनुसुचीहरु (आर्थिक विषय वाहेक)मा कृषि विकास मन्त्रालयको सहमतिमा आवश्यकता र सम्भावनाका आधारमा परिमार्जन गर्न सकिनेछ।

९. **खारेजि तथा संशोधनः** कृषि विकास मन्त्रालयले आबश्यकता अनुसार यस कार्यविधिमा विधिपूर्वक संशेधन तथा खारेजी गर्न सक्नेछ।

३/१०

सचिव

## परिच्छेद ५
## आर्थिक पक्ष

मत्स्य विकास निर्देशनालयले कृषक/समुह/सहकारीलाई देहाय बमोजिम अनुदान रकम प्रवाह गर्नेछ ।

| क्र.सं. | विवरण | अनुदान रकम (रु.) | कृषकको दायित्व | भुक्तानी विधि |
|---|---|---|---|---|
| १.१ | कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन अनुदान | प्रति ह्याचरीको लागिबढीमा रु. ५,००,०००।– | अनुदान रकम कुल लागत खर्चको ५०% भन्दा वढी हुनेछैन। | मत्स्य विकास निर्देशनालयले प्राप्त कागजातको आधारमा कृषक/ समुह/ सहकारीको बैंक खातामा रकम पठाउने ब्यबस्था गर्नेछ। |
| १.२ | अनुगमन एवं प्रशासनिक खर्च | लागतको २.५ प्रतिशत) | प्रशासनिक एवं आबश्यकता र औचित्यताको आधारमा छनोट एवं अनुगमन कार्यको लागि मत्स्य विकास निर्देशनालयले अनुदान दिने रकम भित्रैबाट बढीमा ५ प्रतिशत खर्च गर्न सक्नेछ । | |

४/१०

सचिव

अनुसूची – १

(परिच्छेद-२ दफा ४ (घ) सँग सम्बन्धित)

कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रमको लागि अनुदान सहयोग प्राप्त गर्न दिईने आवेदन–पत्र

श्रीमान् कार्यक्रम निर्देशकज्यु

मत्स्य विकास निर्देशनालय, बालजु, काठमाडौं ।

मार्फत

श्रीमान् बरिष्ठ कृषि विकास अधिकृतज्यू

जिल्ला कृषि विकास कार्यालय ..................

विषयः अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

मलाई कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन गरी ब्यबसायीक मत्स्यपालनका लागि कार्प जातका मत्स्य विज उत्पादन तथा वितरण गर्ने इच्छा भएकोले निम्नानुसार कागजात राखि नियमानुसारको अनुदान सहयोग उपलब्ध गराई पाउन निबेदन गर्दछु। मेरो आबेदन तथा प्रस्ताव स्वीकृत भएमा सम्बन्धित जिल्ला भित्रै रही संलग्न प्रेषित प्रस्ताव तथा प्रतिबद्धता अनुरुपको कार्य गर्नेछु।

तपसिल

१ रू. १० को टिकट टाँसेको आवेदन।

२ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।

३ जग्गाधनी पुर्जा वा ठेक्का भए कम्तीमा ५ सम्म ठेक्का लिएको आधिकारिक करार पत्र र सम्बन्धित जग्गाधनीको पुर्जाको प्रतिलिपि।

४ घटीमा ५ बर्षसम्म प्रस्तावित ब्यबसाय सन्चालन गर्ने र घटीमा १ करोड ह्याच्लीङ उत्पादन तथा वितरण गर्ने प्रतिबद्धता पत्र।

५ तालिम तथा शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

६ कार्ययोजना । प्रस्ताव।

७ संघ/संस्था भए सम्बन्धित निकायबाट दर्ता प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपी।

निबेदन पेश गर्नेको नाम, थरः

समुह/संघ/संस्था भए नामः

ठेगानाः

सम्पर्क फोनः

दस्तखतः

मितिः २०७ ......।...... । ...

संस्थाको छाप

५/१०

सचिव

अनुसूची – २

*(परिच्छेद-२ दफा ४ (च) सँग सम्बन्धित)*

## कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन गर्ने प्रस्तावनाको ढांचा

| | |
|---|---|
| १.कृषक/ब्यबसायी/ निजीफार्म/समुह/सहकारीको नाम: | |
| २. ठेगानाः | ३. लिङ्गः |
| ४. परियोजनाको क्षेत्रफलः | ५. परियोजना स्थलः |
| ६. शैषिक येग्यताः | |
| ७. ह्याचरी/नर्सरी ब्यबस्थापन सम्बन्धी तालिम लिएको भएः | |
| क) तालिमको बर्षः | ख) अबधिः ............................... देखि ............................... सम्म |
| ग) प्रदान गर्ने संस्थाः | |

८. हाल मत्स्य ह्याचरी भए नभएको (√)चिन्हलगाउने भएको ☐ नभएको ☐

भएको भए स्थापना बर्ष......................... किसिम ........................................................

(क) हालको भौतिक सुविधा एवं पूर्वाधार

| भौतिक सुविधा एवं पूर्वाधार | संख्या | क्षेत्रफल/आयतन | कैफियत |
|---|---|---|---|
| माउ पोखरी | | | |
| नर्सरी/रियरिङ पोखरी | | | |
| स्पनिङ टयांक | | | |
| ईन्कुवेशन टयांक | | | |
| ओभरहेड टयांक | | | |
| कन्डिसनिङ टयांक | | | |

(ख) हालको माउ माछाको अबस्थाः

| माछाको जात | भाले | | पोथी | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | तौल (केजी) | संख्या | तौल (केजी) | |
| कमनकार्प | | | | | |
| सिल्भरकार्प | | | | | |
| बिगहेडकार्प | | | | | |
| ग्रासकार्प | | | | | |
| रहु | | | | | |
| नैनी | | | | | |
| भाकुर | | | | | |
| अन्य ......... | | | | | |
| जम्मा | | | | | |

६/१० प्रा० सचिव

(ग) ह्याच्लिङ उत्पादन तथा बितरण विवरण (विगतका ५ बर्षहरूको आ.ब. खुल्नेगरी) लाखमा

| माछाको जात | १ .............. | २.............. | ३ .......... | ४ .............. | ५ .................... |
|---|---|---|---|---|---|
| कमनकार्प | | | | | |
| सिल्भरकार्प | | | | | |
| बिगहेडकार्प | | | | | |
| ग्रासकार्प | | | | | |
| रहु | | | | | |
| नैनी | | | | | |
| भाकुर | | | | | |
| अन्य ......... | | | | | |
| जम्मा | | | | | |

९ संलग्न हुने जनशक्तिको विवरण

| विवरण | संख्या | योग्यता | खर्च हुने रकम (रू.) |
|---|---|---|---|
| सुरक्षा | | | |
| फार्म ब्यबस्थापन | | | |
| ब्रिडिङ एवं रेखदेख प्राविधिक | | | |

१०. अगामी पाँच बर्षको ह्याच्लीङ उत्पादन अनुमान (लाखमा)

| माछाको जात | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पांचौ बर्ष |
|---|---|---|---|---|---|
| कमनकार्प | | | | | |
| सिल्भरकार्प | | | | | |
| बिगहेडकार्प | | | | | |
| ग्रासकार्प | | | | | |
| रहु | | | | | |
| नैनी | | | | | |
| भाकुर | | | | | |
| जम्मा | | | | | |

७/१०

सचिव

११. विशेष अनुभव

| अनुभव विषय | देखि | सम्म |
|---|---|---|
| ब्रिडिङ सम्बन्धि | | |
| माउ पालन सम्बन्धि | | |
| ब्यबस्थापन सम्बन्धि | | |
| नर्सिङ/रियरिङ सम्बन्धी | | |

१३. नयाँ सोच केही भए उल्लेख गर्नुहोसः

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

प्रस्तावकको

नाम, थर

संस्थाको छापः (संस्थाको हकमा)

ठेगाना

दस्तखतः

मितिः

## अनुसूची – ३

*(परिच्छेद-२ दफा ४ (ट) सँग सम्बन्धित)*

### प्रतिबध्दता पत्र

मत्स्य विकास निर्देशनालयको मिति २०७.....।.....।...... को सूचना अनुरूप कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापनगरी मत्स्य विज उत्पादन (विशेष गरी ह्याच्लीङ) उत्पादन तथा वितरण गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु । छौं । उक्त कार्यक्रममा छनोट भएमा कार्य योजनामा उल्लेख भए बमेजिमको कार्य गर्ने गरी घटीमा ५ बर्ष सम्म निरन्तरता दिंदै कम्तीमा बार्षिक १ करोड ह्याच्लीङ उत्पादन तथा वितरण गर्ने छु । छौं । अन्यथा नेपाल सरकारको ऐन कानुन बमोजिम सहुंला बुझाउंला र प्रस्तावित कार्यहरूकालागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सन्चालित कृयाकलापबाट बाताबरणलाई असर नपुर्‍याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु । छौं ।

इतिसम्बत २०७......./......../.....गते रोज शुभम । ......

नाम, थरः

संस्था भए संस्थाको नामः

वतनः

दस्तखतः

मितिः

संस्थाको छापः

| दांया | बांया |
|---|---|
| | |

९/१० सचिव

अनुसूची - ४

*(परिच्छेद-२ दफा ४ (ञ) सँग सम्बन्धित)*

## कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापनकार्यक्रम सन्चालनका लागि गरिने सम्झौता–पत्र

मत्स्य विकास निर्देशनालय (यस पछि पहिलो पक्ष भनिने) को अर्थिक वर्ष ............. को वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापनकार्यक्रम सन्चालनका लागि तोकिएको मत्स्य विकास / तालिम केन्द्र .................... र जिल्ला कृषि विकास कार्यालय ....................को रोहवरमा कार्प ह्याचरी निर्माण एवं ब्यबस्थापन गर्ने कार्यक्रम श्री कृषक/ब्यबसायी/ निजीफार्म/समुह/सहकारी / समुह / संघ / संस्था (यस पछि दोस्रो पक्ष भनिने) ले पहिलो पक्षबाट स्वीकृत गरी अनुमति दिईएकोले देहाय बमोजिमको शर्तनामाहरू गरी गराई कार्य सम्पन्न गर्न सहमती भई पहिलो र दोस्रो पक्ष विच यो सम्झौता भएको छ।

तपसिलः

(१) पहिलो पक्ष र रोहवरमा उल्लेखित निकायबाट दोस्रो पक्षले आबश्यक प्राविधिक सल्लाहा एवं सुझाव प्राप्त गरी प्रस्ताव अनुसारको काम सम्झौता गरिएको मितिले ................................ भित्र सम्पन्न गर्नेछ।

(२) दोस्रो पक्षले सम्पन्न गरिएको कामको मूल्यांकन पहिलो पक्षबाट निर्देशित मत्स्य प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन बनाई रोहवरमा उल्लेखित निकायको सिफारिसमा भुक्तानीको लागि पहिलो पक्षमा पठाउनु पर्नेछ।

(३) पहिलो पक्षले प्राप्त कागजातको आधारमा दोस्रो पक्षको बैंकखातामा चेकबाट अनुदान रकम उपलब्ध गराउनेछ।

(४) पहिलो पक्षले तोकिएको मत्स्य विकास/तालिम केन्द्र र जिल्ला कृषि विकास कार्यालयको समन्वय एवं संयुक्ततामा दोश्रो पक्षले प्रस्ताव बमोजिमको नियमित ब्यबसाय सन्चालन गरे नगरेको अनुगमन गर्नेछ।

(५) यस सम्झौतामा उल्लेखित कार्य गर्दा परिआउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप र भवितब्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयं आफैं हुनेछ।

(६) दोस्रो पक्षले ब्यबसायको बीमा गरेको हुनु पर्नेछ।

(७) यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य ब्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| कार्यालयको नामः मत्स्य विकास निर्देशनालय | ब्यक्ति/निजी फर्म/समुह/संघ/संस्थाको |
| नाम, थरः | नामः |
| पदः | पदः |
| दस्तखत र मितिः | दस्तखतः |
| सम्पर्क फोनः | मिति |
| कार्यालयको छापः | औंठाको छाप/संस्थाको छापः |
| **रोहवर** | |
| मत्स्य विकास केन्द्र . . . . . . . . . . . . | सम्पर्क फोनः |
| नाम, थरः | बैंकको नाम र ठेगानाः |
| पदः | खाताको किसिमः बचत / चल्ती |
| दस्तखत र मितिः | डिजिटल खाता नं./: |
| जिल्ला कृषि विकास कार्यालय . . . . . . . | |
| नामः | रोहवरः नाम, थरः |
| पदः | दस्तखतः |
| दस्तखत र मितिः | |

१०/१०